काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www.kankrebihar.com



राष्ट्रिय संस्करण | वर्ष : २५ | अंक : १७४ | सोमवार, २३ चैत, २०८२ | Monday, 6 April 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रू. १०

कारागारमा क्षमताभन्दा बढी कैदीबन्दीले मानसिक स्वास्थ्यमा असरपर्ने जोखिम



काँक्रेविहार संवाददाता
सुर्खेत, २२ चैत

कर्णाली प्रदेशका कारागारहरूमा क्षमताभन्दा धेरै कैदीबन्दी राखिएको तथ्य सार्वजनिक भएको छ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) कर्णाली प्रदेशले सार्वजनिक गरेको मानव अधिकारसम्बन्धी तथ्यांकअनुसार प्रदेशभरका कारागारको कुल क्षमता ६६० जना मात्र रहेको छ। तर हाल ती कारागारहरूमा एक हजार ३६ जना कैदीबन्दी रहेका छन्। जसमध्ये ९४२ पुरुष र ९४ महिला रहेका छन्। यसअनुसार कारागारको क्षमताभन्दा ३७६ जना बढी कैदीबन्दी राखिएको देखिएको छ।

त्यसैगरी, जुम्ला र रुकुमपश्चिम जिल्लाबाट २६ जना कैदीबन्दी फरार रहेको पनि तथ्यांकमा उल्लेख गरिएको छ। इन्सेकले सार्वजनिक गरेको उक्त विवरणले कर्णाली प्रदेशका कारागारहरूमा पनि कैदीबन्दीकको भीडभाडको समस्या बढेको छ।

यस्तै, देशभरका कारागारहरूमा क्षमताभन्दा धेरै कैदीबन्दी राखिएको पाइएको छ। उपलब्ध विवरणअनुसार देशभरका कारागारहरूको कुल क्षमता १६ हजार ९५६ जना रहेको छ। तर हाल २५ हजार ९२ जना कैदीबन्दी रहेका छन्। यसअनुसार कारागारको क्षमताभन्दा ८ हजार १३६ जना बढी कैदीबन्दी राखिएको देखिएको छ।

त्यसैगरी पछिल्लो जेनजी लगाएतका विभिन्न घटनामा जेल तोडफोडपछि १४ हजार कैदीबन्दी फरार भएका थिए। तीमध्ये हालसम्म तीन हजार ८०३ जना अझै फरार रहेका छन्। कारागारहरूमा आश्रित बालबालिकाको संख्या ४९ रहेको छ। भने देशभर रहेका बालसुधार केन्द्रहरूमा ९३८ बालक र २४ बालिका गरी कुल ९६२ जना बाल सुधारगृहमा रहेका छन्।

उक्त तथ्यांकले देशभरका कारागार तथा सुधार केन्द्रहरूमा भीडभाड र व्यवस्थापन चुनौती देखिएको छ। विशेषगरी कर्णाली प्रदेशका कारागारहरूमा क्षमताभन्दा धेरै कैदीबन्दी राखिँदा व्यवस्थापन तथा मानव अधिकारसम्बन्धी चुनौती बढ्दै गएको इन्सेक कर्णालीका संयोजक नारायण सुवेदीले बताए।

उनका अनुसार समस्या समाधानका लागि आ-आफ्नो जिम्मेवारी प्रभावकारी रूपमा निर्वाह गर्न सरोकारवालालाई आग्रह गरिएको छ। 'कारागार व्यवस्थापन विभागले पनि कारागारहरूको भौतिक पूर्वाधार विस्तार तथा नयाँ संरचना निर्माणमा ध्यान दिनुपर्ने आवश्यकता औंल्याइएको छ' उनले भने, ' क्षमताभन्दा बढी कैदीबन्दी हुँदा भीडभाड, सरसफाइ तथा स्वास्थ्य समस्या बढ्ने भएकाले तत्काल दीर्घकालीन योजना आवश्यक रहेको छ।'

यसबिषयमा न्यायालयहरूले पनि मुद्दा छिटो टुंग्याउनेतर्फ ध्यान दिनुपर्ने देखाएका छन्। लामो समयसम्म थुनुवाकै रूपमा बस्नुपर्ने अवस्थाले कारागारमा चाप बढाउने भएकाले न्यायिक प्रक्रिया छिटो र प्रभावकारी बनाउनुपर्ने आवश्यकता औंल्याइएको छ।

प्रहरी प्रशासनले अनुसन्धान प्रक्रिया समयमै सम्पन्न गरी मुद्दा अदालतमा पेश गर्ने कार्यमा सुधार गर्नुपर्ने देखिन्छ। ढिलाइका कारण थुनुवाको संख्या बढ्दै जाने समस्या समाधान गर्न समन्वय आवश्यक रहेको छ। सरकारले वैकल्पिक सजाय प्रणाली लागू गर्नतर्फ पनि पहल गर्नुपर्ने देखिएको छ। भने सामान्य प्रकृतिका अपराधमा कैदको सट्टा जरिवाना, सामुदायिक सेवा जस्ता विकल्प प्रयोग गर्न सके कारागारको चाप घटाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।

यसैगरी, मानव अधिकारकर्मीहरूले कारागारभित्रको अवस्थाबारे नियमित अनुगमन गरी सुधारका लागि दबाब सिर्जना गर्नुपर्ने बताएका छन्। कर्णाली प्रदेशका कारागारमा देखिएको भीडभाड समस्या समाधानका लागि सम्बन्धित सबै निकायबीच समन्वय, प्रभावकारी कार्यान्वयन र दीर्घकालीन योजना आवश्यक देखिएको छ।

बन्दीलाई मनोपरामर्श आवश्यक

कर्णाली प्रदेशका कारागारहरूमा क्षमताभन्दा बढी कैदीबन्दी राखिँदा उनीहरूको मानसिक स्वास्थ्यमा असर पर्ने जोखिम बढेको भन्दै मनोपरामर्श सेवा आवश्यक रहेको सरोकारवालाहरूले बताएका छन्। कारागारहरूमा भीडभाड, सीमित स्थान, अपर्याप्त सरसफाइ तथा लामो समयसम्मको थुनुवाका कारण कैदीबन्दीमा तनाव, चिन्ता र अवसादजस्ता समस्या देखिन सक्ने जनाइएको छ। यस्तो अवस्थामा नियमित मनोपरामर्श सेवा उपलब्ध गराउनुपर्ने आवश्यकता औंल्याइएको छ।

मानव अधिकारकर्मीहरूका अनुसार साँघुरो कारागारमा बस्न बाध्य कैदीबन्दीले मानसिक दबाब झेल्नुपरेको छ। पारिवारिक सम्पर्कको कमी, मुद्दा प्रक्रियाको ढिलाइ र भविष्यप्रतिको अन्योलले उनीहरूको मानसिक स्वास्थ्यमा थप असर पुऱ्याउने गरेको बताइएको छ।

विशेषज्ञहरूले कारागारभित्र मनोपरामर्शदाता राखी नियमित काउन्सेलिङ, समूह छलफल तथा मानसिक स्वास्थ्यसम्बन्धी कार्यक्रम सञ्चालन गर्न सुझाव दिएका छन्। यसले कैदीबन्दीको व्यवहार सुधार, आत्मविश्वास वृद्धि तथा पुनर्स्थापनामा सहयोग पुग्ने अपेक्षा गरिएको छ। सरोकारवालाहरूले कारागार व्यवस्थापन, स्वास्थ्य निकाय तथा सम्बन्धित मन्त्रालयबीच समन्वय गरी मानसिक स्वास्थ्य सेवालाई प्राथमिकतामा राख्नुपर्नेमा जोड दिएका छन्।

यस्तै, जब एउटै कोठामा क्षमताभन्दा धेरै कैदी कोचिन्छन्, त्यहाँ आधारभूत सुविधा अभाव हुन्छ। भने स्वास्थ्य र सरसफाइमा असर पर्ने विज्ञहरुको भनाइ छ। त्यो सजायभन्दा बढी पीडा बन्न जाने भएकाले कैदीबन्दीको शारीरिक मात्र नभई मानसिक स्वास्थ्यमा पनि गम्भीर असर पार्ने उल्लेख छ। कारागारहरूमा देखिएको यो भीडभाड राज्यले अब सुधार नगरी विकल्प छैन। नत्र मानव अधिकार केवल कागजी प्रतिबद्धतामै सीमित रहने उल्लेख छ।

सरकारी कार्यालय र शैक्षिक संस्थामा हप्तामा दुई दिन बिदा



काँक्रेविहार संवाददाता
काठमाडौं, २२ चैत

सरकारले सरकारी कार्यालय र शैक्षिक संस्थामा शनिबार र आइतबार दुई दिन बिदा दिने निर्णय गरेको छ। सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा आइतबार बसेको मन्त्रिपरिषद बैठकले यस्तो निर्णय गरेको हो।

सरकारका प्रवक्ता सस्मित पोखरेलले सोमबारदेखि लागू हुने गरी सरकारी कार्यालय र शैक्षिक संस्थामा शनिबार र आइतबार बिदा दिने निर्णय भएको जानकारी दिए।

पश्चिम एसियामा जारी युद्धका कारण अहिले पेट्रोलियम पदार्थको आपूर्ति असहज बनेको कारण यस्तो निर्णय गरिएको मन्त्री पोखरेलले जानकारी दिए।

यस्तै, बैठकले शैक्षिक संस्थाबाहेक उल्लेखित कार्यालयहरूको समय बिहान ९ देखि ५ बजे कायम रहने निर्णय गरेको छ। मन्त्रिपरिषद बैठकको निर्णय सुनाउँदै शिक्षामन्त्री पोखरेलले उक्त समय शैक्षिक संस्थाबाहेकका सरकारी कार्यालयका हकमा लागू हुने जानकारी दिए।

छिन्चुमा फोहर प्रशोधन केन्द्र अन्तिम चरणमा

काँक्रेविहार संवाददाता
छिन्चु, २२ चैत

सुर्खेतको भेरीगङ्गा नगरपालिका-१२ मा फोहर प्रशोधन केन्द्र स्थापनाको काम अन्तिम चरणमा पुगेको छ। प्रदेश सरकार र भेरीगङ्गा नगरपालिकाको संयुक्त आर्थिक सहयोगमा उक्त प्रशोधन केन्द्र निर्माण अन्तिम चरणमा पुगेको हो।

नगरप्रमुख यज्ञप्रसाद ढकालले भेरीगङ्गा, लेकबँसी तथा गुर्भाकोट नगरपालिकाको फोहरलाई एकै ठाउँमा राखेर प्रशोधन गर्न यो केन्द्र निर्माण गएिको जनाउँदै हालसम्म भेरीगङ्गासँग लेकबँसी नगरपालिकाले मात्र सम्झौता गरेको बताए। उनका अनुसार भौतिक संरचना निर्माणको काम पूरा भएको छ।

निर्माण भएका भवनमा पानी तथा बत्ती, पर्खाललगायत केही संरचना बनाउन बाँकी रहेको प्रमुख ढकालले बताए। उनले भने, "भौतिक पूर्वाधार तथा सडकको काम भए पनि अब कुहिने र नकुहिने फोहरलाई प्रशोधन गर्ने उपकरण खरिद गर्ने रकम नहुँदा समस्या भएको छ। प्रदेश सरकारले सुरुमा सहयोग गरेको थियो। अहिले नगरपालिकाले एक्लै काम गर्नुपर्दा समस्या भएको छ।"

भेरीगङ्गा-१२ स्थित रामजानकी सामुदायिक वनमा प्रशोधन केन्द्र छ। बीस रोपनी जग्गामा उक्त संरचना निर्माण गरिएको हो। विसं २०७९ चैतमा विस्तृत परियोजना प्रतिवेदन ९डिपिआर० तयार गरी प्रदेश सरकार र नगरपालिकाको संयुक्त लगानीमा निर्माण सुरु भएको नगरप्रमुख ढकालले जानकारी दिए। फोहर व्यवस्थापन र प्रशोधन गरी ग्यास उत्पादन गर्ने योजनासमेत रहेको उनको भनाइ छ।

संविधान संशोधन बहसपत्र तयार पार्ने कार्यदल सक्रिय

काँक्रेविहार संवाददाता
काठमाडौं, २२ चैत

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले 'संविधान संशोधन बहसपत्र' तयार पार्न गठन गरेको कार्यदल सक्रिय बनेको छ।

प्रधानमन्त्री बालेन्द्र शाह नेतृत्वको सरकारले गत चैत १३ गते सार्वजनिक गरेको 'शासकीय सुधारसम्बन्धी एक सय बुँदे कार्यसूची' को बुँदा नम्बर ४ मा यो कार्यदल गठन गर्ने व्यवस्था गरिएको थियो।

उक्त कार्यसूचीमा देशको दीर्घकालीन राजनीतिक तथा संस्थागत सुधार र निर्वाचन प्रणाली लगायतका विषयमा राष्ट्रिय सहमति निर्माण गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले ७ दिनभित्र उक्त कार्यदल गठन गर्ने उल्लेख छ।

साथै, उक्त बहस प्रक्रियालाई सहभागितामूलक, पारदर्शी र तथ्यमा आधारित बनाउने लक्ष्य राखिएको छ।

सोही योजना अनुसार गत चैत १६ गतेको मन्त्रिपरिषद् बैठकले प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार असिम शाहको संयोजकत्वमा उक्त कार्यदल गठन गर्ने निर्णय गरेको थियो।

कार्यदलमा संघीय संसदमा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरूले तोकेका एक-एक जना प्रतिनिधि, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको कानुन तथा मानव अधिकार हेर्ने सचिव, नेपाल कानुन आयोगका सचिव र प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका कानुन तथा फैसला कार्यान्वयन हेर्ने सह-सचिव सदस्य-सचिव रहने व्यवस्था छ।

प्रधानमन्त्रीका प्रेस तथा अनुसन्धान विज्ञका अनुसार कार्यदलका सदस्यका लागि राजनीतिक दलहरूलाई नाम पठाउन पत्राचार भइसकेको छ र दलहरूबाट नाम प्राप्त हुने क्रम जारी छ।

सदस्यहरूको टुङ्गो लाग्नासाथ यसै साताभित्र कार्यदलको बैठक बस्ने तयारी भइरहेको छ। उक्त बैठकमा सदस्यहरूका राय र सुझाव सङ्कलन गर्ने योजना छ।

यसपछि कार्यदलले पूर्वराष्ट्रपति, संविधानविद्, कानुनी व्यवसायी, पूर्वप्रधानन्यायाधीश, सञ्चार माध्यम, धार्मिक संस्था, निजी क्षेत्र, 'जेन-जी' पुस्ताका अगुवा र स्थानीय तहका प्रतिनिधिहरूसँग चरणबद्ध रूपमा बृहत् छलफल गरेर मात्र संविधान संशोधन बहसपत्रलाई पूर्णता दिनेछ।

कार्यदलका संयोजक शाहसँग २० वर्षभन्दा लामो समय सञ्चारकर्मीको रूपमा काम गरेको र संसदीय मामिलाको रिपोर्टिङ गरेको अनुभव छ। चलचित्र निर्देशनमा सफल उनी राजनीतिमा समेत प्रभावशाली मानिन्छन्।

२०७९ को निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीबाट निर्वाचित पूर्वसांसद शाहले संसदमा रहँदा विभिन्न विधेयकको मस्यौदा तयार पार्न महत्वपूर्ण भूमिका खेलेका थिए। उनी हाल काठमाडौं विश्वविद्यालयबाट आमसञ्चार विषयमा विद्यावारिधि (पीएचडी) गर्दैछन्।

रास्वपा सभापति रवि लामिछाने र प्रधानमन्त्री शाहबीच राजनीतिक सहकार्यको वातावरण निर्माणमा निर्णायक भूमिका निर्वाह गरेका शाहको सञ्चार रणनीति, राजनीति र समन्वयको अनुभवले यो बृहत् बहसपत्र तयार पार्न सहयोग पुग्ने विश्वास प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले लिएको छ।

असारसम्म सबै लाइसेन्स छाप्ने मुद्रण केन्द्रको तयारी

काँक्रेविहार संवाददाता
काठमाडौं, २२ चैत

सुरक्षण मुद्रण केन्द्रले यातायात व्यवस्था विभागमा वर्षौंदेखि थन्किएका सबै सवारीचालक अनुमति पत्र (लाइसेन्स) छपाई गर्नेगरी तयारी थालेको छ।

यतिबेला केन्द्रले कार्तिक १२ गते विभागसँग भएको सम्झौता अनुरुप १२ लाख थान लाइसेन्स छापिरहेको छ। 'हामीले अहिले जेन-जी आन्दोलनपछि यातायात विभागसँग भएको सम्झौताअनुरुप ब्लकमा रहेका १२ लाख थान अन्तर्गतका लाइसेन्स छपाइ गरिरहेका छौं।' केन्द्रका कार्यकारी निर्देशक देवराज ढुङ्गानाले भने।

उनका अनुसार विभागले हालसम्म दुई चरणमा करिब २ लाख ३८ हजार सेवाग्राहीको विवरण छपाइको लागि पठाइसकेको छ। उक्त विवरण प्रयोगात्मक परीक्षा पास गरेका नयाँ तथा नवीकरणका लागि आवेदन दिएर पनि लाइसेन्स हात पार्न नसकेका सेवाग्राहीको हो।

'विभागले करिब २ लाख ३८ हजार सेवाग्राहीको डाटा पठाएकोमध्ये अधिकांश छपाइ भइसकेको छ। जसमध्ये लगभग १ लाख ७० हजार थान लाइसेन्स वितरणका लागि पठाइसकेका छौं भने ६८ हजार थान छपाइ गरेर पठाउने चरणमा छौं, आइतबार विभागलाई पठाउछौं।' ढुङ्गानाले भने।

अत्यावश्यकतर्फ भने करिब ३१ हजार ५ सय थान लाइसेन्स तत्काल छपाइ गरेर सेवाग्राहीलाई वितरण गरिसकिएको छ। 'विभागले वैदेशिक रोजगारीमा जाने र अत्यावश्क परेमा २४ घण्टाभित्रै लाइसेन्स छपाइ गरी वितरण गर्थ्यो, सोअनुरुप अहिलेपनि करिब ३१ हजार ५ सय थान लाइसेन्स अत्यावश्यकतर्फका सेवाग्राहीलाई वितरण गरिसकिएको छ।' विभागका सूचना तथा प्रविधि शाखा प्रमुख केशव खतिवडाले भने।

उनका अनुसार केन्द्रबाट ब्लकतर्फ छपाइ भएर आएका १ लाख ७० हजार थान लाइसेन्स सम्बन्धित कार्यालयमा पठाइने तयारी भइरहेको छ। 'हामीले डाटा पठाएअनुसार केन्द्रले पहिलोपटक ब्लकतर्फको १ लाख ७० हजार थान लाइसेन्स विभागमा ल्याइदिएको छ,' उनले थपे, उपत्यका नजिकका यातायात कार्यालयबाट आफैं आएर पनि लैजाने तयारी छ भने टाढाका कार्यालयमा हुलाकमार्फत पठाउने तयारी गर्दैछौं।'

योसँगै केन्द्रले छपाइका लागि अन्य २ लाख सेवाग्राहीको तथ्याङ्क माग गरेको पनि उनले जानकारी दिए। 'उहाँहरुले अब प्रत्येक हप्ता २ लाखको दरले छाप्छौं भन्नुभएको छ। हामी विवरण रुजु गरेर पठाउने तयारीमा छौं।' उनले भने।

केन्द्रले भने सम्झौता अवधिभित्रै सबै लाइसेन्स छापिसक्ने दाबी गरेको छ। 'सम्झौता अनुरुप वैशाख १२ गतेसम्म हामीले १२ लाख थान छपाइ गर्नुपर्ने छ। त्यसैले, यतिबेला हामीले सो समय अगाडी नै सबै छपाइ गरेर एकमुष्ठ पठाउने गरी काम थालेका छौं,' ढुङ्गानाले भने।

नयाँ तथा नवीकरण गरी छपाइ गर्न बाँकी रहेका करिब १७ लाख सेवाग्राहीको लाइसेन्स असार मसान्तसम्म सक्नेगरी विभाग र केन्द्रले तयारी गरिरहेको उनले बताए।

'विभागसँग ब्लकतर्फका करिब १७ लाख विवरण छपाइ गर्न बाँकी भएको सूचना छ। त्यसलाई असारसम्म छापिसक्ने र जनताको गुनासो नरहने गरी काम गर्नेगरी छलफल थालेका छौं,' उनले भने।

डिजिटल युगको विश्वसनीय आवाज

www.kankrebihar.com

सम्पादकीय

आयोजना निर्माणमा बाहाना नबनाऊ

कर्णाली प्रदेशको विकासको बहुप्रतीक्षित आधारस्तम्भ मानिएको बेतन कर्णाली जलविद्युत आयोजना अब निर्णायक मोडमा पुगेको छ । वर्षौंदेखि अध्ययन, योजना र कागजी प्रक्रियामा सीमित रहँदै आएको यो आयोजना अन्ततः निर्माणपूर्वको अन्तिम चरणमा आइपुगेको हो । यो खबरले सबै स्थानीयवासी समेत उत्साहित छन् । तर, यतिबेला आवश्यकताको कुरा उत्साह होइन । दृढ कार्यान्वयन हो । अब कुनै पनि प्रकारका बाहाना स्वीकार्य हुँदैनन् । ४३१ मेगावाट क्षमताको यो आयोजना केवल ऊर्जा उत्पादनको परियोजना मात्र होइन । कर्णाली प्रदेशको समग्र आर्थिक रूपान्तरणसँग प्रत्यक्ष जोडिएको विषय पनि हो । करिब ८८ अर्ब रूपैयाँ लागत अनुमान गरिएको यस आयोजनाले हजारौं रोजगारी सिर्जना गर्नुका साथै औद्योगिक विकास, पूर्वाधार विस्तार र स्थानीय अर्थतन्त्रमा व्यापक सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ । यति ठूलो सम्भावना बोकेको आयोजनालाई ढिलाइको चक्रमा फसाइराख्नु भनेको अवसर गुमाउनु पनि हो ।

आयोजनाका अधिकांश प्राविधिक तयारी पूरा भइसकेका छन् । विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार भएको छ, भने उत्पादन अनुमति प्राप्त भइसकेको छ । पहुँच मार्ग निर्माण तीव्र गतिमा अघि बढिरहेको छ । यी सबै सकारात्मक संकेत हुन् । तर, यिनै उपलब्धिहरूलाई व्यवहारमा परिणत गर्न अब बाँकी रहेका मुख्य तीन कामहरू विद्युत खरिद सम्झौता, लगानी सुनिश्चितता र मुआब्जा वितरण कार्य छिटो टुंग्याउनु अपरिहार्य छ । नेपालमा ठूला आयोजनाहरू ढिलाइ हुनुको प्रमुख कारण प्रायः यही तीन पक्ष हुने गरेका छन् । कहिले नीतिगत अस्पष्टता, कहिले समन्वयको अभाव, त कहिले अनावश्यक प्रशासनिक जटिलताले परियोजनाहरू वर्षौं अल्झिने गरेका उदाहरण थुप्रै छन् । यदि बेतन कर्णाली आयोजना पनि यस्तै नियतिको शिकार भयो भने, त्यसको जिम्मेवारी सम्बन्धित निकायहरूले वहन गर्नैपर्छ । विशेषगरी मुआब्जा वितरणको विषय संवेदनशील छ । प्रभावित स्थानीय बासिन्दाको विश्वास जित्न नसकिएमा कुनै पनि आयोजना सहज रूपमा अघि बढ्न सक्दैन । त्यसैले पारदर्शी, न्यायोचित र समयमै मुआब्जा वितरण गरिनु अनिवार्य छ । स्थानीय जनताको सहमति र सहभागिता सुनिश्चित गर्नु नै दीर्घकालीन सफलताको आधार हो । त्यसैगरी, लगानी सुनिश्चितता अर्को चुनौतीपूर्ण पक्ष हो । हालसम्म सीमित मात्रामा लगानी सुनिश्चित भएको अवस्थामा बाँकी रकम जुटाउन ढिलाइ गर्नु जोखिमपूर्ण हुनसक्छ । बैंक तथा वित्तीय संस्थासँगको समन्वयलाई तीव्रता दिँदै एएङ प्रक्रियालाई छिटो निष्कर्षमा पुऱ्याउनुपर्छ । किनकी स्पष्ट नीतिगत वातावरण र सरकारी प्रतिबद्धताले लगानीकर्तामा विश्वास बढाउन सक्छ ।

प्राविधिक रूपमा आयोजना निकै जटिल र महत्वाकांक्षी मानिएको छ । कर्णाली नदीमा करिब १४० मिटर अग्लो बाँध निर्माण गरी जलाशयमा पानी संकलन गरिनेछ । बाँधस्थल सुर्खेतको चौकुने गाउँपालिका-६ र अछामको ढकारी गाउँपालिका-६ को सीमामा पर्नेछ, भने मुख्य संरचना अछामतर्फ निर्माण गरिनेछ । बाँध निर्माणपछि करिब २१ किलोमिटर लामो जलाशय क्षेत्र बन्ने अनुमान गरिएको छ । आयोजनाको अध्ययन सन् २०१७ अक्टोबरदेखि सुरू भएको थियो । अहिले पहुँच मार्ग, प्रसारण लाइन विस्तार तथा अन्य पूर्वाधार विकासका काम पनि सँगसँगै अघि बढिरहेका छन् । राजनीतिक तहबाट पनि यस्ता राष्ट्रिय महत्वका आयोजनामा निरन्तर चासो र दबाब आवश्यक हुन्छ । केवल अनुगमन र छलफलमा सीमित नभई ठोस निर्णय र सहजीकरणमा नेतृत्वदायी भूमिका देखिनुपर्छ । विकासका नाममा भाषण होइन, परिणाम चाहिन्छ । किनकी फेरि पनि यही आयोजनालाई कागजमै सीमित राख्ने हो, वा यसलाई कर्णालीको समृद्धिको आधार बनाउने हो ? गम्भिर समय आएको छ । यो अवसरलाई सदुपयोग गर्न अब कुनै बहाना बनाउने ठाउँ छैन । समन्वय, प्रतिबद्धता र कार्यान्वयनको दृढ इच्छाशक्ति भएमा बेतन कर्णाली आयोजना केवल योजना होइन, वास्तविक उपलब्धिमा रूपान्तरण हुन सक्छ । त्यसैले अब आयोजना निर्माणमा बाहाना नबनाऊ ।

राजनीतिको अराजनीतिकरणका सुखद् झाँकीहरू



✍ युवराज घिमिरे

> *"नेपाली समाजले राजनीति र सार्वजनिक जीवनमा त्यागको है सियतलाई सधैं उच्च सम्मानका साथ हेर्ने गरेको छ । र, संसदमा रविको फेरिएको अभिव्यक्ति शैली रणनीतिक मात्र हैन भन्ने थप पुष्टि आगामी दिनमा हुनेछ भन्ने आशा गर्नेहरू धेरै छन् ।*

चुनावपछि गठित सरकार र संसदका प्रारम्भिक गतिविधिले हामीले अपनाएका र मलजल गरेका राजनीतिका साँस्कृतिक पक्षमाथि चोटिलो प्रहार गरेको छ ।

संसद् र सरकार गठनका प्रारम्भिक १० दिनभित्रै स्पष्ट गन्तव्य देख्न खोज्नु अधैर्य र अपरिपक्वता हुनेछ तर केही प्रारम्भिक संकेत स्पष्टसँग आएका छन् ।

पार्टी संगठन र सरकारबीचका सम्बन्ध नेपालमा सधैं अस्थायी, द्विविधायुक्त र अपरिभाषित प्रकृतिका छन् । कुकुरले पुच्छर हल्लाउने कि पुच्छरले कुकुर? भन्ने प्रश्न पटक-पटक उठेका छन्, दल फुटेका छन्, तर त्यसको स्पष्ट उत्तर र कुनै सिद्धान्तमा आधारित राजनीतिक अभ्यास कहिल्यै शुरु भएन ।

अर्थात् समस्या र अस्पष्टता यथावत् छ। नेपाली कांग्रेसमा गिरिजाप्रसाद कोइराला, शेरबहादुर देउवा र सुशील कोइराला, एमालेमा खासगरी केपी ओली र माओवादी केन्द्रमा पुष्पकमल दाहाल प्रचण्डले सत्ता, संसद र दलभित्र पूर्ण नियन्त्रणमुखी एकाधिकार चलाए, त्यसैलाई लोकतन्त्रको उत्कृष्ट अभ्यास माने हिजोसम्म महन्थ ठाकुर, राजेन्द्र महतो, उपेन्द्र यादव या सिके राउत, अनि यता रेशम चौधरी र रञ्जिता श्रेष्ठको द्वैध नेतृत्वले पनि त्यही एकाधिकारपक्षीय नेतृत्वलाई निरन्तरता दिए, प्रजातन्त्रका मौलिक मूल्य र मान्यताविपरीत । भ्रष्टाचार केन्द्रीयता र नातावादमा कुनै परहेज रहेन ।

तर, आश्चर्य हालैको निर्वाचनमा बढारिएका यी दलभित्रै अझै पनि आमसमीक्षा र जवाफदेही वहनको प्रारम्भिक अभ्याससम्म शुरु भएको छैन । पहिलो सदनमा, एमालेका संसदीय दलका नेता रामबहादुर थापा बादलले आफू मात्र सधैं ठीक भन्ने मानसिकता बोकेका ओली र हिजो माओवादीका 'डिपुटी कमाण्डर' को मान्यता नै अब पनि आफ्नो राजनीतिको अभीष्ट भएको प्रस्तुत गरे ।

बाह्य आशीर्वादमा नेपालीबीच 'सशस्त्र द्वन्द्व' चम्काउने अनि बाह्य मध्यस्थतामै नेपाली सत्ता र राजनीतिको केन्द्रमा उभिई रक्षामन्त्रीका रूपमा नेपाली सेनाको नेतृत्वलाई मनपरी हिसाबले चलाएर संस्थालाई 'योङ कम्युनिस्ट लिग' को सहायक संगठन देखाउने त्यो खतरनाक खेललाई फेरि स्मरण गराए उनले संसदमा ।

निर्वाचनमा हालको पराजय स्वीकार नगरी अहिलेको जनादेशलाई उनले जनताको निर्णयभन्दा नेपाली सेना र प्रशासनतन्त्र लगायतको 'म्यानिपुलेशन' को नतिजाका रूपमा प्रस्तुत गरे ।

अर्थात् प्रचण्डको साटो अब ओलीलाई आफ्नो नेता माने पनि नेपाली सेनालाई शत्रुपक्षका रूपमा प्रस्तुत गर्ने र त्यसको विघटन र अपमानको रणनीतिलाई उनले त्यागेका छैनन् । हिजोको शान्ति प्रक्रिया र त्योसँगै आयातीत एजेण्डासहितको अग्रगामी राजनीतिक परिवर्तनका नाममा मुलुकको इतिहास संस्कृति र फरक मान्यतालाई निषेध गर्ने अनि सेनालगायत संवेदनशील राज्य संयन्त्रलाई धराशयी बनाउने खेलमा माओवादी तथा १२ बुँदेका शक्ति र विदेशी निकाय लागिपरेका थिए ।

यसपल्टको जनादेशले त्यो साँठगाँठ, त्यसको नियत र नेपालको आन्तरिक राजनीतिमा बाह्य पक्षलाई भित्र् याउने दल र नेतृत्वलाई अस्वीकार गरेको छ । र, बहुमत पाएको रास्वपाले त्यो जनादेशलाई कसरी अघि बढाउँछ, त्यो हेर्न भने बाँकी नै छ ।

नेपाली सेनामा सुधार र क्षमतावृद्धिको आवश्यकता छ तर दक्षिण एसियाकै सबैभन्दा पुरानो र राष्ट्र विस्तार र निर्णयमा महत्वपूर्ण भूमिका खेलेको सेना बाह्य निर्देशित शक्तिबाट नरुचाइनु अस्वाभाविक हैन ।

राजसंस्था हटाइएपछि शान्ति प्रक्रियामा स्वदेशी र विदेशी शक्तिले सेनालाई खेदेका तथ्यहरू नियोजित नै हुन् । बादलको गर्जनलाई उनकै पार्टीले रुचाएको छैन । बरु निकै हदसम्म अस्वीकार गरेको छ । आफू पराजित भइसकेपछि पनि ओलीले यो जनादेशको 'स्पिरिट' स्वीकार नगरेको अर्को एउटा स्पष्ट प्रमाण पेस गरेका छन् ।

संसदीय दलको नेतृत्वमा युवा नेता सुहाङ नेम्वाङको दावीको पक्षमा पार्टीका कुनै पनि सांसद प्रस्तावकका रुपमा नउभिनुले एमालेले जनादेशको 'स्पिरिट' भन्दा नेतृत्वको आदेशलाई सर्वोपरी मानेको देखिन्छ ।

नेपाली कांग्रेस विभाजनको दैलोमा छ । १२ बुँदे र त्यसपछिको राजनीतिमा नेपाली कांग्रेसको निकट मित्र अर्थात् हिजोको माओवादीका नेता पुष्पकमल दाहाल प्रचण्डमा वैदेशिक हस्तक्षेपको घोडा चढेर सत्ताको क्षणिक न्यानोमा मुलुकलाई अस्तव्यस्त पारेको जिम्मा लिने साहस, चरित्र र प्रजातान्त्रिक संस्कार कहिल्यै पलाएन । यसले माओवादीको पतनका कारक साक्षी बन्नुपर्ने नियति पनि उनले भोग्नुपर्नेछ ।

तर, यो जनादेशको अर्को पक्ष महत्त्वपूर्ण छ । यसले प्रारम्भिक चरणमा रास्वपाले नेपाली राजनीतिलाई नेता र दलीय हैकमको नियन्त्रणबाट मुक्त गर्ने कोसिस गरेको छ। झन्डै दुई तिहाइ दलका अध्यक्ष तथा सांसद रवि लामिछानेले आफूलाई परिवर्तित रूपमा प्रस्तुत गरेका छन् । संसदको बहुमतले व्यक्तिमा दम्भ हैन, सधैं, यदाकदा कर्तव्यबोध पनि गराउँछ ।

हिजो ओली, प्रचण्ड नेतृत्वको सरकारसँग सहकार्यमा रविले त्यो राजनीतिक संस्कार जवाफदेहीविहीन शैली सिके । तर, यस पल्टको चुनावमा निकै टाढा हेरे उनले प्रधानमन्त्रीको पदका लागि स्वाभाविक दावी स्वैच्छाले त्याग गरी बालेन शाहलाई भित्र्याए ।

नेपाली समाजले राजनीति र सार्वजनिक जीवनमा त्यागको हैसियतलाई सधैं उच्च सम्मानसाथ हेर्ने गरेको छ । र, संसदमा रविको फेरिएको अभिव्यक्ति शैली 'रणनीतिक' मात्र हैन भन्ने थप पुष्टि आगामी दिनमा हुनेछ भन्ने आशा गर्नेहरू धेरै छन् । राजनीतिक जिम्मेवारीबोध र देश पहिला भन्ने भावना जागृत भएमा १२ बुँदेकै नेताहरू पनि परिवर्तित हुन सक्छन् ।

सत्ताको गैरदलीयकरण, राजनीतिको अराजनीतिकरणसँगै मानवीयकरण आजको आवश्यकता हो । अति राजनीतिकरणले नातावाद, आफन्तवाद र भ्रष्टाचारलाई आफ्नाको रक्षाकवच बनाउँछ । कानुनभन्दा माथिको वर्ग जन्माउँछ । हामीले २० वर्षमा भोगेको यही हो ।

छुवाछुत कुप्रथा अन्त्यका लागि राजा महेन्द्रले ६२ वर्षअघि गरेको प्रयासको उल्लेखसम्म नगरी पहिलो माओवादी सरकारले दम्भका साथ त्यसको श्रेय खोस्ने कोसिस गरेको थियो । रास्वपाले ऐतिहासिक हिसाबले सीमान्तकृत भएका ' दलित' र महिलावर्गसँग क्षमा मागेका छन् । तर यो विषयलाई एउटा परिवेश र गहन अध्ययनका साथ सम्मान, समता र साझेदारीका परिवेश निर्माण नगरी भावुकता प्रदर्शनको विषय बनाइए अपेक्षित नतिजा आउने छैन । जुन अर्को दुःखद घटना हुनेछ ।

हिजोको माओवादीभन्दा रास्वपा नेतृत्व फरक साबित हुन सक्नुपर्छ । सामाजिक, सांस्कृतिक कुरीति र त्यसको निरन्तरतालाई नीति, कानुन र सामूहिक सामाजिक अभ्यासमार्फत कसरी सम्बोधन गर्ने, त्यसमा सत्ताले महत्वपूर्ण भूमिका खेल्न सक्छ तर त्यसमा सबै पक्षको संलग्नता आवश्यक हुन्छ । त्यसका लागि गहन बहस आवश्यक हुन्छ । र, त्यसबाट साझा दायित्व निर्देशित हुनुपर्छ ।

रास्वपाले जारी गरेको १०० बुँदे कार्यदिशा र कार्यक्रममा खासगरी संविधान संशोधनको विषय व्यापक भायो, चासो, आशा र खुसीको विषय बनेको छ ।

निषेधको राजनीतिलाई नै 'अग्रगामी परिवर्तन' मान्ने १२ बुँदे पक्षीय र आफूलाई 'उदार शक्तिका रूपमा प्रस्तुत गर्ने असहिष्णु शक्तिहरू त्यो स्वाभाविक प्रक्रियासँग त्रस्त छन् । प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार असीम शाहको संयोजनमा सुरु हुन लागेको उक्त अत्यावश्यक प्रक्रियामा उनले 'राजा आऊ, देश बचाऊ' को 'स्पिरिट' का साथ कुनै समयमा आफूलाई सामाजिक सञ्जालमार्फत जोडेको भन्दै उदार असहिष्णुहरूले उनको पात्रतामाथि प्रश्न उठाएका छन् ।

समन्वयकर्ताले विचार राख्न पाउँछ । तर, अरुलाई निषेधित गर्न पाउँदैन । हाम्रो वर्तमान संविधान ठूलो जमातलाई निषेध गरेर ल्याइएको मृतप्रायः दस्तावेज हो ।

नेपालको संविधान २०७२, नेपालको शान्ति प्रक्रिया र ०६३ मा राजा ज्ञानेन्द्रद्वारा प्रजातन्त्र पुनःस्थापना आन्दोलनका नेता गिरिजाप्रसाद कोइरालालाई सत्ता सुम्पिनु प्रचुर सम्भाव्यता बोकेका अवसरहरू थिए तर त्यस सम्भाव्यतालाई ठूला दल तथा बाह्य परिचालित तिनका नेतृत्वले महत्त्वपूर्ण एजेण्डामा नेपालीलाई बाहिर राखी परिवर्तनलाई नेपालीले नै संस्थागत गरी त्यसलाई अपनाउने अवसर तुहाइदिए ।

०६३ मा राजा र सात दलबीचको सहमतिलाई बाहिरी उक्साहटमा माओवादी नेतृत्वको प्रयोगमार्फत राजसंस्थालाई हटाएर स्थायी अस्थिरता पैदा गरिएको थियो ।

त्यस्तै, ०७२ को संविधान निर्माणमा जनताबाट संघीयता, धर्मनिरपेक्षता र राजतन्त्रबारे एकत्र गरिएका अभिमतलाई बाहिर राखी सुशील कोइराला- ओली डिल भएको थियो अर्थात् जस्तो भए पनि संविधान असोजमा जारी गर्ने कोइरालाको नेतृत्वमा र चुनावका लागि ओलीलाई प्रधानमन्त्रीको पदमा बहाल गर्ने योजनाले संविधानको अन्तरवस्तुभन्दा बढी महत्व पाएको थियो ।

विधि, प्रक्रिया, बहस र संशोधनलाई पूर्णतः निषेध गरी ल्याइएको 'फास्ट ट्रयाक' संविधान उसैले निषेध गरेको प्रावधानलाई बेवास्ता गरी सुशीला कार्कीलाई प्रधानमन्त्री नियुक्ति गरेपछि पूर्ण रुपमा असान्दर्भिक र असफल भएको छ ।

वास्तवमा त्यसको स्वाभाविक मृत्यु भइसकेको छ । असीम शाहजस्ता मान्यता राख्नेहरूलाई निषेध गर्दै आएको यो संविधानको समीक्षा र ' कोर्स करेक्सन' पूर्ण रुपमा नेपालीहरूको दायित्व बनेमा मात्र त्यसपछि आउने संविधान नेपाल र नेपालीको हुनेछ ।

वास्तवमा असीम शाहलाई दिइएको दायित्व एउटा स्वाभाविक मात्र हैन, अत्यावश्यक कदम हो, जनादेशप्राप्त सरकारको । यो जनादेशमा उच्चतहको भ्रष्टाचारविरुद्ध र नेपालको आन्तरिक राजनीतिमा बाह्य हस्तक्षेपको प्रधानताबाट मुक्त गर्ने आदेश पनि छ । आमनिराशा र मुलुक मेरो हैन भन्ने प्रवृत्ति त्यसवेला मात्र बढ्छ, जब सत्ताले जनताका आवश्यकता र सम्मानसँग खेलबाड गर्छ । जब बाह्य जगतसँगको याचनालाई देश/विदेशको सर्वोत्कृष्ट शैली मान्छ ।

लोकतन्त्रको 'ब्ल्याक होल' र निरन्तरको सजगता



✍ विपुल पोखरेल

खगोल विज्ञानमा 'ब्ल्याक होल' एउटा यस्तो रहस्यमय क्षेत्र हो जहाँको गुरुत्वाकर्षण निकै शक्तिशाली हुन्छ । त्यहाँबाट प्रकाश पनि उम्कन सक्दैन । कुनै वस्तु यसको प्रभाव क्षेत्रभित्र छिरेपछि त्यो अनन्त शून्यमा हराउँछ र फर्कने कुनै बाटो हुँदैन ।

राजनीतिक सन्दर्भमा पनि जब मुलुकका लोकतान्त्रिक मूल्य, पद्धति र संस्थाहरू कमजोर हुन्छन्, शक्ति एउटै केन्द्रमा थुप्रिन थाल्छ तब त्यो व्यवस्था 'राजनीतिक ब्ल्याक होल' तर्फ जान्छ । यस्तो अवस्थामा लोकतन्त्रका राम्रा पक्षहरू हराउँदै जान्छन् । मुलुक एउटा यस्तो अँध्यारो सुरुङमा फस्छ जहाँबाट नागरिक स्वतन्त्रता र कानुनी राज्यको पुनःस्थापना गर्न निकै कठिन हुन्छ ।

संसद्को सबैभन्दा ठूलो दल राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्षले संसद्को पहिलो बैठकमै भने - "हामीलाई हनिमुन पिरियड चाहिँदैन, खबरदारी गर्नुहोला।" निश्चितरूपमा केही यस्ता विषय हुन्छन् जसमा बोल्न सरकार बनेको सय दिन पर्खिनु पर्दैन ।

सभापति लामिछानेले भने झैं मुलुकको बाटो कता जाँदै छ भनेर विश्लेषण गर्न र खबरदारी गर्न सय दिन कुरिरहनु पर्दैन । सरकारले काम सुरु गर्न र जनताले परिणाम खोज्नमात्र सो समय कुर्ने हो । सरकारको गति, निर्णय र क्षमता जाँच्न एक पल पनि ढिला गर्नु हुँदैन ।

सरकार आफैंले पनि यसमा कुनै छुट पाउनु हुँदैन । सैद्धान्तिक स्पष्टता र परिपक्व निर्णयको अभावमा सही बाटो तय हुन सक्दैन । त्यसैले नागरिक र मिडियाबाट तथ्यमा आधारित निरन्तर खबरदारी आवश्यक पर्छ ।

नेपालमा हालै सम्पन्न निर्वाचनले नागरिकमा नयाँ उत्साह र परिवर्तनको सञ्चार गराएको छ। नयाँ सरकारका सुरुका कदमले आशा जगाउन खोजे पनि पछिल्ला केही निर्णय र अभिव्यक्तिले सन्देह उठाएका छन् । कतै मुलुक लोकतन्त्रको नाममा बिस्तारै 'ब्ल्याक होल' तर्फको अनियन्त्रित यात्रामा त छैन ? गम्भीर प्रश्न उब्जिएको छ । लोकतन्त्र चुनावी प्रक्रियामात्र होइन ।

यो त उत्तरदायी समाज र जिम्मेवार संस्कृतिको स्वरूप हो । त्यसैले यसबारे समयमै गम्भीर मनन गर्नु र लोकतान्त्रिक मूल्यहरूलाई व्यवहारमा उतार्नु आजको आवश्यकता हो ।

निर्णय प्रक्रियामा अस्थिरता र अपरिपक्वता

नयाँ सरकार बनेपछिका केही निर्णय हेर्दा प्रशासनिक र राजनीतिक अपरिपक्वता झल्किन्छ। 'ब्रिज कोर्स' खारेजीको घोषणा र त्यसको केही समयमै निर्णय सच्याउनु यसकै उदाहरण हो । व्यवसायीको दबाबमा निर्णय फिर्ता लिनु अपरिपक्वता थियो ।

अर्कोतर्फ, एसईईको उत्तर पुस्तिका परीक्षा केन्द्रमै जाँच्ने र एक महिनाभित्र नतिजा ल्याउने सरकारको निर्णय सराहनीय छ । यो निर्णयले 'ब्रिज कोर्स' को औचित्य आफैं सकिँदै जान्थ्यो । यस्तो अवस्थामा सरकारले ब्रिज कोर्सबारे नबोल्दा पनि हुन्थ्यो । यसमा सरकार 'नेगेटिभ एप्रोच' बाट गएको देखियो ।

सुधारका नाममा गरिने यस्ता अपरिपक्व निर्णयले राज्य संयन्त्रको गृहकार्य कमजोर रहेको देखाउँछ। शिक्षाजस्तो संवेदनशील क्षेत्रमा अध्ययनबिना निर्णय लिने र दबाबपछि सच्याउने प्रवृत्तिले सरकारको स्पष्ट दृष्टिकोण नभएको शङ्का उब्जाएको छ । यस्ता कार्यले नागरिकमा अन्योल उत्पन्न गर्छ र राज्यको विश्वसनीयता घटाउँछ ।

सङ्गठित हुन पाउने हकमाथिको प्रहार

लोकतन्त्रको एउटा बलियो खम्बा नागरिकको सङ्गठित हुन पाउने अधिकार हो । नेपालको संविधानको धारा १७ ले प्रत्येक नागरिकलाई सङ्घसंस्था खोल्ने स्वतन्त्रता दिएको छ । तर पछिल्लो समय पेसागत सङ्गठनहरू खारेज गर्ने बहस र प्रयासहरू भएका छन् ।

यी प्रयास नागरिक हकको विरुद्धमा देखिन्छन् । दलीयकरण अन्त्य गर्ने नाममा सङ्गठित हुन पाउने नैसर्गिक अधिकारमाथि रोक लगाउनु लोकतान्त्रिक चरित्र होइन । सुधारका नाममा लोकतन्त्रको आधार नै भत्काउनुले अधिनायकवादलाई मद्दत पुऱ्याउँछ । दलीयकरण रोक्ने प्रयास उत्तम हो तर अधिकार नै खोसेर यो लक्ष्य हासिल हुँदैन । सरकारले यसका विकल्पबारे छलफल गर्नुपर्छ र नागरिकको संवैधानिक हकको रक्षा गर्नुपर्छ ।

प्रेस स्वतन्त्रता र आर्थिक नाकाबन्दीको छाया

लोकतन्त्रको मुटु मानिने प्रेस स्वतन्त्रतामाथि पनि अहिले प्रहार सुरु भएको देखिन्छ । सरकार निजी सञ्चारमाध्यमप्रति कठोर देखिएको छ । राज्यका विज्ञापन सरकारी सञ्चारमाध्यममा मात्र दिने परिपत्रले निजी मिडियालाई 'आर्थिक नाकाबन्दी' को मनसाय राखेको देखिन्छ ।

स्वतन्त्र प्रेस आर्थिकरूपमा बलियो नभएसम्म त्यसले निडर भएर सरकारको आलोचनार खबरदारी गर्न सक्दैन । राज्यकोषको विज्ञापनमा सरकारी सञ्चारमाध्यमको मात्र अधिकार खोज्नु अनुदार सोच हो । मिडियालाई आर्थिकरूपमा कमजोर बनाएर आफ्नो पक्षमा पार्न खोज्नु लोकतन्त्रलाई 'ब्ल्याक होल' तर्फ धकेल्नु हो ।

प्रतिपक्षविहीन संसद्को परिकल्पना

सबैभन्दा चिन्ताको विषय सत्तापक्षका नेताहरूबाट 'प्रतिपक्षविहीन संसद्' को चाहना व्यक्त हुनु हो । हालै एउटा कार्यक्रममा सत्ताधारी दलका उपाध्यक्षले प्रतिपक्षलाई शून्य बनाउने रणनीतिको कुरा गरे । यसले लोकतन्त्रको बहुलवादी चरित्रमाथि प्रहार गरेको छ ।

लोकतन्त्रमा प्रतिपक्ष भनेको 'सरकारको विकल्प' मात्र होइन संसद्को विवेक पनि हो । प्रतिपक्ष नभएको संसद् लोकतन्त्रमा हुन सक्दैन । त्यो अधिनायकवादी सत्ताको 'रबर स्ट्याम्प'मात्र बन्न पुग्छ । यस्तो चाहनाले सत्तामा बस्नेहरूको घमण्ड र असहिष्णुतालाई पुष्टि गर्छ ।

सरोकारवालाहरूको भूमिका र उत्तरदायित्व

मुलुकलाई यो खतराबाट जोगाउन राज्यका हरेक अङ्ग र सरोकारवालाले आफ्नो भूमिकामा पुनरावलोकन गर्न जरुरी छ ।

१. सत्ताधारी दल - सरकारले नारामा मात्र सीमित नभई स्पष्ट दृष्टिकोण र कार्ययोजनासहित नीति निर्माण गर्नुपर्छ । सत्ताको उन्मादमा लोकतन्त्रका आधारभूत मूल्य बिर्सनु हुँदैन । प्रतिपक्षलाई शत्रु नभई सहयात्रीका रूपमा लिएर सहमतिको वातावरण बनाउनु सरकारको दायित्व हो ।

२. प्रतिपक्ष - प्रतिपक्षले विरोधका लागि मात्र विरोध गर्नु हुँदैन । आफ्ना धारणा स्पष्टरूपमा राख्नुपर्छ । रचनात्मक सुझाव र राष्ट्रिय मुद्दामा पहल गर्दै सरकारलाई सही बाटोमा ल्याउन प्रतिपक्ष प्रभावकारी हुनुपर्छ ।

३. मिडिया - मिडियाले सतही समाचारमात्र नभई तथ्यमा आधारित विश्लेषण गर्नुपर्छ । सरकारका योजनाहरूको सूक्ष्म अध्ययन गर्दै जनतालाई सुसूचित गराउनु मिडियाको धर्म हो ।

४. नागरिक समाज - लोकतान्त्रिक मूल्यमा प्रहार हुँदा नागरिक समाज पनि मौन बस्नु हुँदैन । यसले सचेत धारणा बनाउनुपर्छ र आवश्यक परेका बेला रचनात्मक खबरदारी गर्दै जवाफदेहीका लागि दबाब दिनुपर्छ

निष्कर्ष

लोकतन्त्र एउटा प्रक्रियामात्र नभई अभ्यास भएकाले जबसम्म हामीले लोकतान्त्रिक मूल्य र संस्कृतिलाई आफ्नो आचरणमा उतार्दैनौ तबसम्म राजनीतिक उपलब्धिहरू सुरक्षित हुन सक्दैनन् । सत्तामा रहेकाहरूले आफूलाई 'शक्तिशाली उद्धारकर्ता' ठान्ने भ्रम त्यागेर पद्धतिमा विश्वास गर्नुपर्छ ।

अहिले देखिएका साना सङ्केतहरूले भविष्यमा ठूलो सङ्कट आउनसक्ने देखाएका छन्। समयमै सरोकारवालाहरू सचेत नहुने र लोकतन्त्रलाई व्यवहारमा नउतार्ने हो भने मुलुक 'राजनीतिक ब्ल्याक होल' मा फस्ने निश्चित छ । त्यसैले गम्भीर आत्मसमीक्षासहित जिम्मेवार समाज निर्माणतर्फ लाग्नु नै आजको विकल्प हो । लोकतन्त्रको रक्षाका लागि प्रत्येक नागरिक र संस्थाले आफ्नो पहरेदारीलाई अझ बलियो बनाउनै पर्छ ।

(नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष)

करोडौँको दूध भुक्तानी रोकिँदा किसान मारमा



काँक्रेविहार संवाददाता
बर्दिया, २२ चैत

बर्दियाका दूध उत्पादन गर्ने किसान र दुग्ध सङ्कलन केन्द्रहरू लामो समयदेखि भुक्तानी नपाउँदा गम्भीर समस्यामा परेका छन्।

जिल्लाभर करिब डेढ करोड रुपैयाँ बराबरको दूधको रकम अझै भुक्तानी हुन बाँकी रहेको छ। जिल्लाका केही सक्षम दुग्ध सहकारी संस्था र सङ्कलन केन्द्रहरूले अत्यावश्यक परेमा किसानलाई आंशिक रकम उपलब्ध गराए पनि अधिकांश किसानले आफ्नो दूधको मूल्य पाउन सकेका छैनन्।

नेपालगञ्ज दुग्ध वितरण संस्थान (बाँके), भट्टराई डेरी (बाँसगढी), एस के डेरी (नेपालगञ्ज) र कुश्मेश्वर डेरी (राजापुर) लगायतका डेरी उद्योगहरूले पछिल्ला केही महिनादेखि भुक्तानी नगरेको बताइएको छ।

जिल्ला दुग्ध उत्पादक सहकारी सङ्घ बर्दियाका अनुसार, नेपालगञ्ज दुग्ध वितरण संस्थानले चारवटा सहकारीको ५१ लाख ५० हजार रुपैयाँ भुक्तानी गर्न बाँकी छ, जुन गत मंसिरदेखि रोकिएको हो।

त्यसैगरी, भट्टराई डेरी बाँसगढीले ७८ लाख २३ हजार, एस के डेरीले १० लाख ६० हजार र कुश्मेश्वर डेरीले २ लाख ९२ हजार रुपैयाँ भुक्तानी गर्न बाँकी रहेको छ।

सङ्घका अध्यक्ष पवन कुमार यादवका अनुसार, गत वर्ष नौवटा सहकारीले नेपालगञ्ज दुग्ध वितरण संस्थानलाई दूध उपलब्ध गराउँदै आएका थिए।

समयमा भुक्तानी नपाउँदा यस वर्ष चारवटा सहकारी मात्र बाँकी रहेका छन्। बर्दियाकै सबैभन्दा ठूलो कारोबार गर्ने भगवती दुग्ध सहकारी संस्थाले अब नेपालगञ्जका विभिन्न स्थानमा आफ्नै बिक्री काउन्टर सञ्चालन गरी दूध बिक्री गरिरहेको छ।

काउन्टरमा बिक्री नभएको दूध सुजल डेरीलाई दिइँदै आएको र त्यसको भुक्तानी भइरहेको यादवले जानकारी दिए।

दुग्ध उत्पादन सहकारी सङ्घका केन्द्रीय सदस्य इन्द्र प्रसाद लुइँटेलले किसानको रकम रोकिँदा उनीहरू आर्थिक रूपमा निकै मर्कामा परेको बताए।

किसानले आफ्नो पसिनाले उत्पादन गरेको दूधको मूल्यसमेत नपाउँदा अत्यन्तै पीडित भएका छन् उनले भने। उता, नेपालगञ्ज दुग्ध वितरण आयोजना बाँकेका प्रमुख दिलिप चौधरीले भने गत मंसिरदेखि रोकिएको भुक्तानी प्रक्रिया अघि बढाइएको जानकारी दिए। उनका अनुसार अब दूधको भुक्तानी प्रणालीलाई सहज बनाउने प्रयास भइरहेको छ। हाल नेपालगञ्ज क्षेत्रमा बर्दिया र बाँकेलगायत जिल्लाबाट दैनिक करिब चार हजार लिटर दूध सङ्कलन भइरहेको छ।

भेरी-बबई डाइभर्सन आयोजना निर्माणमा ढिलाइ

काँक्रेविहार संवाददाता
सुर्खेत, २२ चैत

राष्ट्रिय गौरवको आयोजना भेरी-बबई डाइभर्सन बहुउद्देश्यीय आयोजनाको निर्माण कार्यमा अपेक्षित प्रगति हुन नसक्दा पुनः ढिलाइ भएको छ।

पटक-पटक म्याद थप गर्दा पनि आयोजना अझै अधुरै रहेको छ। चालु आर्थिक वर्षभित्रै निर्माण सम्पन्न गर्ने लक्ष्य राखिए पनि तोकिएको समयसीमा अनुसार काम अघि बढ्न नसकेको हो।

आयोजनाको सिभिल वर्कतर्फको कामका लागि निर्माण कम्पनीलाई चैत २० गतेसम्मको समय दिइएको थियो तर म्याद सकिँदासम्म जम्मा ५७ प्रतिशत मात्र काम सम्पन्न भएको छ।

आर्थिक वर्ष २०७१/७२ बाट सुरु भएको यो आयोजनालाई सुरुमा २०७९/८० भित्र सम्पन्न गर्ने लक्ष्य राखिएको थियो।

समयमै काम नसकिएपछि म्याद थपिँदै आएको छ र जिम्मेवारी २०८२/८३ सम्म सारिएको थियो। तर सो अवधिमा पनि काम पूरा हुन सकेको छैन।

कोरोना महामारी, प्रक्रियागत जटिलता, प्रतिकूल मौसम र



सामग्री ढुवानीमा ढिलाइ जस्ता कारणले निर्माण प्रभावित भएको आयोजना पक्षले जनाएको छ।

आयोजनाको लक्ष्य अनुसार भेरी नदीबाट ४० घनमिटर प्रतिसेकेन्ड पानी बबई नदीमा स्थानान्तरण गर्ने योजना रहेको छ।

पहिलो चरण अन्तर्गत सुरुङ निर्माण २०७५ मै सम्पन्न भइसकेको थियो भने दोस्रो चरणअन्तर्गत बाँध र विद्युत्गृह निर्माण कार्य जारी छ।

दोस्रो चरणका लागि २०७६ साउनमा चिनियाँ कम्पनी ग्वाङ्डोन तथा नेपालको रमण कन्स्ट्रक्सन जेभीसँग ठेक्का सम्झौता गरिएको थियो।

आयोजनाका निर्देशक हरिदत्त पौडेलका अनुसार हालसम्म ५७ प्रतिशत काम सम्पन्न भएको छ र पुनः म्याद थपका लागि प्रक्रिया अघि बढाइएको छ।

निर्माण कम्पनीले थप ४० महिनाको समय माग गरेको छ। विशेषतः चिनियाँ साझेदार कम्पनी सक्रिय नभएकाले कामको गति सुस्त भएको बताइएको छ।

बाँध, पुल तथा हात्तीखालस्थित विद्युत्गृह निर्माण कार्य अझै बाँकी रहेको छ। हाल आयोजनामा सिभिल, इलेक्ट्रिकल र हाइड्रो-इलेक्ट्रिकल गरी तीन प्रकारका काम भइरहेका छन्।

सिभिल वर्कमा ढिलाइ हुँदा अन्य कामहरू पनि प्रभावित भइरहेका छन्। यो आयोजना नेपालमै पहिलो पटक टनेल बोरिङ मेसिन (टिबिएम) प्रयोग गरी निर्माण गरिएको हो।

भेरी नदीको पानी १२ किलोमिटर लामो सुरुङमार्फत बबई नदीमा स्थानान्तरण गरी बाँके र बर्दियाका करिब ५१ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा उपलब्ध गराउने र ४६ मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य राखिएको छ। आयोजनाको निर्माण २०८७/८८ सम्म सम्पन्न गर्ने योजना रहेको छ।

राजमार्ग रूग्ण ठेक्का खारेज गर्ने प्रक्रिया सुरू

काँक्रेविहार संवाददाता
वीरेन्द्रनगर, २२ चैत



कर्णाली राजमार्गमा वर्षौंदेखि अलपत्र रहेका १० वटा रुग्ण ठेक्काहरूलाई सडक डिभिजन कार्यालय जुम्लाले एकैपटक खारेज गर्ने प्रक्रिया अघि बढाएको छ।

सम्झौता भएर पनि तोकिएको समयमा काम सम्पन्न नगर्ने तथा पटक-पटकको म्याद थपलाई बेवास्ता गर्ने निर्माण कम्पनीहरूविरुद्ध कार्यालयले १५ दिने सार्वजनिक सूचना जारी गर्दै ठेक्का अन्त्यको घोषणा गरेको हो।

सडक डिभिजन कार्यालयका सूचना अधिकारी सौरभकुमार सिंहका अनुसार ६ वटा निर्माण कम्पनीसँग भएका ठेक्का तत्काल खारेज गरिसकिएको छ।

बाँकी रहेका ठेक्का माथि कानुनी प्रक्रिया अगाडि बढाइएको छ। यस कदमले पहुँच र प्रभावका आधारमा ठेक्का लिएर काम नगर्ने प्रवृत्तिमा ठूलो प्रहार गरेको मानिएको छ।

कार्यालयले कालिकोटको दहीखोला-मान्म-नाग्म खण्ड तथा जुम्लाको कुडारीदेखि कालिकोट सम्मको सडक मर्मत र कल्भर्ट निर्माणका लागि धुर्वा निर्माण सेवासँग भएको सम्झौता रद्द गरेको छ।

साथै कृष्ण निर्माण सेवा, अविनास निर्माण सेवा र विनाम्रा निर्माण सेवा सुर्खेतसँग भएका विभिन्न मर्मतसम्बन्धी ठेक्काहरू पनि खारेज गरिएका छन्। डिभिजन प्रमुख श्रवणकुमार महताराका अनुसार पटक-पटक लिखित र मौखिक अनुरोध गर्दा पनि निर्माण व्यवसायीहरूले आफ्नो दायित्व पूरा नगरेपछि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(२) अनुसार ठेक्का अन्त्य गर्ने निर्णय गरिएको हो। यसअघि पनि कालिकोट, मुगु तथा जुम्ला-डोल्पा सडकखण्डका चारवटा रुग्ण ठेक्का तोडिएको कार्यालयले जनाएको छ।

निर्माण व्यवसायीहरूको लापरबाहीका कारण कर्णाली राजमार्ग प्रयोग गर्ने हजारौँ यात्रु दैनिक सास्ती भोग्दै आएका थिए। अब नयाँ ठेक्का प्रक्रियामार्फत सडक सुधार हुने अपेक्षा गरिएको छ। रुग्ण ठेक्का अन्त्य गर्ने नीतिगत निर्देशनलाई कार्यान्वयनमा ल्याउँदै जुम्ला सडक डिभिजनले थालेको यो कदम विकास निर्माणलाई गति दिने महत्वपूर्ण प्रयासका रूपमा हेरिएको छ। निर्माण कम्पनीहरूले सम्झौताअनुसार काम नगर्दा विकास बजेट खर्च हुन नसक्ने र पूर्वाधार जीर्ण बन्दै जाने समस्या देखिँदै आएको थियो। यस्तो अवस्थामा गरिएको यो निर्णयलाई दीर्घकालीन रूपमा प्रभावकारी कदमका रूपमा लिइएको छ।

वन डढेलोले वायुप्रदुषण बढ्दै

काँक्रेविहार संवाददाता
जाजरकोट, २२ चैत

जाजरकोट जिल्लाका विभिन्न सामुदायिक वनमा लागेको आगलागीका कारण धेरै वन पैदावार नष्ट भएको छ।

विशेषगरी शिवालय गाउँपालिकाका विभिन्न वडामा फैलिएको आगोले वन क्षेत्र व्यापक रूपमा प्रभावित बनेको छ।

शिवालय गाउँपालिका १ देखि ९ नम्बर वडाका जङ्गलहरूमा लागेको आगोले ठूलो क्षति पुऱ्याएको हो। वडा नं. १ को चुली सामुदायिक वन, वडा नं. २ को ढाँडमेला, वडा नं. ३ को सीमा शान्ति ऐरेली तथा वडा नं. ८ का बस्नेउडा, लिस्पानी र चिन्तेडाँडा सामुदायिक वनमा आगलागी भएको छ।

स्थानीय बासिन्दाका अनुसार सम्बन्धित निकायको लापरबाहीका कारण हरेक वर्ष यस्तो घटना दोहोरिने गरेको छ।

समयमै आगो नियन्त्रण गर्न नसक्दा आगलागी झन् फैलिँदै गएको छ, जसले वन्यजन्तुको बासस्थानमा समेत गम्भीर असर पारेको छ।



शिवालय-३ का स्थानीय तिलक नेगीका अनुसार खोटो सङ्कलनका क्रममा आगलागी हुने गरेको छ। वन उपभोक्ता समितिले जथाभावी रूपमा खोटो सङ्कलन र काठको पुर्जी वितरण गर्दा वन संरक्षणमा बेवास्ता भएको उनको आरोप छ।

यसैबीच, आगो लगाएपछि छिटो घाँस पलाउने भन्ने गलत धारणा पनि आगलागीको एउटा प्रमुख कारण बनेको छ।

स्थानीय तहमा पर्याप्त पहल नहुँदा आगोले धेरै क्षेत्र ढाकेको छ। वनमा लागेको आगलागीका कारण वन्यजन्तुको बासस्थान नष्ट हुनुका साथै तिनीहरू लोप हुने अवस्थामा पुगेका छन्।

साथै, भूक्षय, बाढीपहिरोको जोखिम वृद्धि तथा मौसममा नकारात्मक असर समेत देखिएको छ। आगलागी नियन्त्रणमा डिभिजन वन कार्यालय, सब-डिभिजन वन कार्यालय र उपभोक्ता समितिबीच समन्वय अभाव देखिएको छ। यद्यपि, आगलागी गर्ने व्यक्तिको पहिचान हुन नसक्दा समस्या झन् जटिल बन्दै गएको छ।

शे-फोक्सुण्डो गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
डोल्पा
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं। गर्मी मौसम शुरु भएसँगै आगलागीका घटना बढ्न सक्छन्। हाम्रो आफ्नै लापरबाहीका कारण आगलागीका घटना धेरै हुने गरेका छन्। त्यसैले समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं।

आगलागी रोकथामका उपाय

- केटाकेटीले भेट्न सक्ने ठाउँमा सलाई, लाइटरजस्ता सामग्री नराख्नुहोस्।
- भान्सामा खाना बनाउँदा ग्याँस वा आगो बल्ने अवधिभरि मान्सा छाडेर टाढा नजानुहोस्।
- यथासम्भव ग्याँस सिलिण्डरलाई भान्सा कोठाभन्दा बाहिर नै राख्नुहोस्।
- सिलिण्डरको पाइप, सिलिण्डर समय- समयमा जाँच गर्नुहोस् कुनै खराबी वा टुटफुट पाउनु भएमा तुरुन्त मर्मत गराउन लगाउनुहोस्।
- खाना बनाइसकेपछि ग्याँसको रेगुलेटर बन्द गर्ने तथा समय-समयमा ग्याँस सिलिण्डर र पाइपको सरसफाइ गर्नुहोस्।
- ग्यास सिलिण्डर घर ल्याउनुअघि सिल नभएको, तौल कमजस्तो लाग्ने, धेरै गन्हाउने (लिक भएको शंकास्पद) सिलिण्डर नल्याउनुहोस्।

आगलागी भइहालेमा के गर्ने ?

- कुनै आगलागीको घटना भएमा तत्काल छेउछाउमा रहेका अन्य व्यक्तिलाई पनि खबर गर्नुहोस् र नियन्त्रणमा सहयोगका लागि आग्रह गर्नुहोस्।
- आगलागी कसरी भएको जान्ने प्रयास गर्नुहोस् (विद्युतीय वा अन्य आगो)।
- आगोको आकारमा विचार पुन्याउनुहोस् आगो फैलन सक्ने र आगो नियन्त्रणमा आउने सम्भावना छैन भने तत्काल वारुणयन्त्रलाई खबर गर्नुहोस्।
- विद्युतबाट आगो लागेको शंका लागेमा घरमा रहेको मेनस्विच तत्काल बन्द गर्नुहोस्।
- विद्युतीयबाहेक अन्य सामान्य सानो आगलागी छ भने पानीको सहायतालेे निभाउने प्रयास गर्नुहोस्।
- आगो कोठाभित्र लागेको छ र नियन्त्रण गर्न सम्भव छैन भने कोठाको ढोका बन्द गरि दिनुहोस्। यसले आगोलाई सहजरूपमा फैलन दिँदैन।

तिला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
जुम्ला
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं। गर्मी मौसम शुरु भएसँगै आगलागीका घटना बढ्न सक्छन्। हाम्रो आफ्नै लापरबाहीका कारण आगलागीका घटना धेरै हुने गरेका छन्। त्यसैले समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं।

आगलागी रोकथामका उपाय

- केटाकेटीले भेट्न सक्ने ठाउँमा सलाई, लाइटरजस्ता सामग्री नराख्नुहोस्।
- भान्सामा खाना बनाउँदा ग्याँस वा आगो बल्ने अवधिभरि मान्सा छाडेर टाढा नजानुहोस्।
- यथासम्भव ग्याँस सिलिण्डरलाई भान्सा कोठाभन्दा बाहिर नै राख्नुहोस्।
- सिलिण्डरको पाइप, सिलिण्डर समय- समयमा जाँच गर्नुहोस् कुनै खराबी वा टुटफुट पाउनु भएमा तुरुन्त मर्मत गराउन लगाउनुहोस्।
- खाना बनाइसकेपछि ग्याँसको रेगुलेटर बन्द गर्ने तथा समय-समयमा ग्याँस सिलिण्डर र पाइपको सरसफाइ गर्नुहोस्।
- ग्यास सिलिण्डर घर ल्याउनुअघि सिल नभएको, तौल कमजस्तो लाग्ने, धेरै गन्हाउने (लिक भएको शंकास्पद) सिलिण्डर नल्याउनुहोस्।

आगलागी भइहालेमा के गर्ने ?

- कुनै आगलागीको घटना भएमा तत्काल छेउछाउमा रहेका अन्य व्यक्तिलाई पनि खबर गर्नुहोस् र नियन्त्रणमा सहयोगका लागि आग्रह गर्नुहोस्।
- आगलागी कसरी भएको जान्ने प्रयास गर्नुहोस् (विद्युतीय वा अन्य आगो)।
- आगोको आकारमा विचार पुन्याउनुहोस् आगो फैलन सक्ने र आगो नियन्त्रणमा आउने सम्भावना छैन भने तत्काल वारुणयन्त्रलाई खबर गर्नुहोस्।
- विद्युतबाट आगो लागेको शंका लागेमा घरमा रहेको मेनस्विच तत्काल बन्द गर्नुहोस्।
- विद्युतीयबाहेक अन्य सामान्य सानो आगलागी छ भने पानीको सहायतालेे निभाउने प्रयास गर्नुहोस्।
- आगो कोठाभित्र लागेको छ र नियन्त्रण गर्न सम्भव छैन भने कोठाको ढोका बन्द गरि दिनुहोस्। यसले आगोलाई सहजरूपमा फैलन दिँदैन।

मापदण्ड विपरीत ऋसर उद्योग सञ्चालन



❐ काँक्रेविहार संवाददाता
बर्दिया, २२ चैत

उक्त ठाउँमा सञ्चालनमा रहेका ऋसर उद्योगहरू नियम मिचेर सञ्चालन भइरहेको पाइएको छ। जिल्लामा रहेका सातमध्ये चार ऋसर उद्योगले सरकारले तोकेको मापदण्ड पालना नगरी सञ्चालन गरिरहेको तथ्य सार्वजनिक भएको हो। घरेलु तथा साना उद्योग कार्यालय बर्दियाका अनुसार मधुवन नगरपालिका-९ मा रहेको नुरी स्टोन इन्डस्ट्रिज, बारबर्दिया नगरपालिका-२ मा रहेको लक्ष्मी बालुवा प्रशोधन उद्योग र ठाकुरबाबा नगरपालिकामा रहेको बर्दिया बालुवा प्रशोधित उद्योग नियमविपरीत सञ्चालनमा छन्।

नुरी स्टोन इन्डस्ट्रिज २०७७ साउनदेखि नवीकरणबिना नै सञ्चालन भइरहेको छ। साथै, केही सञ्चालकहरूले बालुवा प्रशोधन केन्द्रका नाममा ऋसर उद्योग सञ्चालन गर्दै नदीजन्य पदार्थको उत्खनन तथा बिक्रीवितरण गरिरहेका छन्।

केही उद्योगहरू वाणिज्य विभागमा दर्ता कायम रहेको भन्दै डिभिजन वन कार्यालय र स्थानीय तहलाई जानकारी नै नदिई सञ्चालन भइरहेको समेत पाइएको छ।

सरकारले २०७७ र २०८० मा ऋसर सञ्चालनसम्बन्धी मापदण्ड बनाएको भए पनि ती मापदण्ड पूरा नगरेका कारण धेरै उद्योगको नवीकरण हुन सकेको छैन।

बारबर्दिया नगरपालिकाकी उपप्रमुख रत्ना पाण्डेले ऋसर उद्योगहरू स्थानीय तहप्रति उत्तरदायी नभएको बताए। घरेलु तथा साना उद्योग कार्यालय बर्दियाका प्रमुख इन्द्रराज खत्रीका अनुसार नुरी स्टोन इन्डस्ट्रिज २०७७ साउनदेखि नवीकरण बिना नै सञ्चालन हुँदै आएको छ।

सरकारी मापदण्ड अनुसार ऋसर उद्योग वन क्षेत्रबाट कम्तीमा एक किलोमिटर र विद्यालयबाट पाँच सय मिटर टाढा हुनुपर्छ। तर, नुरी स्टोन इन्डस्ट्रिज भने बस्तीको बीचमै सञ्चालनमा रहेको पाइएको छ। डिभिजन वन कार्यालय बर्दियाका प्रमुख विजयराज सुवेदीले उद्योगहरूले वाणिज्य विभागमा दर्ता भए पनि सम्बन्धित निकायसँग समन्वय नगरी सञ्चालन गरेको बताए।

उनका अनुसार कानुनी प्रक्रिया पूरा नगरी सञ्चालन गर्नु नियमविपरीत हो। ऋसर उद्योगहरूको अनुगमनका लागि जिल्ला समन्वय समितिका अध्यक्षको नेतृत्वमा जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, डिभिजन वन कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय तथा सम्बन्धित स्थानीय तहका प्रतिनिधिसहितको अनुगमन टोली गठन गरिएको छ। जिल्ला समन्वय समिति बर्दियाका अध्यक्ष सूर्यबहादुर विष्टले अनुगमनपछि कैफियत भेटिए कारबाहीका लागि स्थानीय तहमा पठाउनुपर्ने भए पनि व्यवहारमा ऋसर उद्योग सञ्चालक हाबी हुने गरेको बताए उनले अनुगमनका क्रममा राजनीतिक दबाबसमेत आउने गरेको उल्लेख गरे। नुरी स्टोन इन्डस्ट्रिजका सञ्चालक मोहम्मद नसिम हलवाईले यस्तो समस्या २०७७ देखि देशभर देखिएको बताए।

जिल्ला प्रशासन कार्यालय बर्दियाका प्रमुख जिल्ला अधिकारी गोगनबहादुर हमालले जिल्लामा सञ्चालित ऋसर उद्योगबारे विस्तृत अध्ययन भइरहेको जानकारी दिए।

धुलाम्मे खण्डमा कालोपत्रे, वर्षौं पछि स्थानीयलाई राहत

❐ काँक्रेविहार संवाददाता
कालीकोट, २२ चैत

कर्णाली राजमार्गअन्तर्गत कालीकोटको मान्म खण्डमा लामो समयदेखि धुलाम्मे रहेको सडक कालोपत्रे गरिएको छ।

सडक सञ्चालनमा आएको वर्षौंपछि उक्त खण्ड कालोपत्रे भएपछि स्थानीयवासीलाई ठूलो राहत पुगेको छ। यसअघि सडकमा सधैं धुलो उड्दा आसपासका बस्तीका नागरिकले निकै सास्ती भोग्दै आएका थिए।

कर्णाली राजमार्ग निर्माण भएपछि एकपटक ओटासिल गरिएको भए पनि वर्षात्को पानीले बगाएपछि मान्म खण्ड पुनः धुलाम्मे बन्दै आएको थियो।

यसपालि भने केही समय टिक्ने गरी कालोपत्रे गरिएकाले स्थानीय खुसी भएका छन्। स्थानीय दीपक शाहीका अनुसार झण्डै १३ वर्षपछि सडकको धुलोबाट मुक्ति मिलेको हो। उनले भने सुरुका पाँच वर्ष त धुलोमै बित्यो २०६९ सालमा अलकत्रा हाल्दा केही महिना सहज भएको थियो, तर वर्षाले बगाएपछि फेरि धुलोमै बस्नुपऱ्यो अहिले कालोपत्रे भएपछि ढुक्क भएको छ। मान्म सडकको सेरीघाटदेखि बजारसम्मको क्षेत्र पहिले निकै जीर्ण थियो। हाल सेरीघाटदेखि स्वास्थ्य सेवा कार्यालयसम्मको खण्ड कालोपत्रे गरिएको छ भने अस्पतालदेखि सशस्त्र ब्यारेकसम्मको खण्डमा अझै पनि धुलोको समस्या कायम छ।

कर्णाली प्रदेश योजना आयोगका सदस्य अशोकनाथ योगीले सडक सुधार क्रमशः भइरहेको बताए। सम्बन्धित निकायले काममा सक्रियता देखाएका छन्।

केही सुधार देखिएको छ, उनले भने। प्रदेश सरकारले समयमै काम नगर्ने निर्माण व्यवसायी माथि कडाइ गर्दै सम्झौता तोड्ने र कालोसूचीमा राख्ने नीति लागू गरेपछि विकास निर्माणका कामले गति लिन थालेका छन्।

हालै सडक डिभिजन कार्यालय जुम्लाले चार निर्माण व्यवसायीसँगको सम्झौता तोडेपछि अन्य व्यवसायी पनि काममा सक्रिय भएका छन्।

स्वास्थ्य सेवा कार्यालय कालीकोटका प्रमुख डा. रत्नवीर सुनारले अस्पताल आसपासको धुलोका कारण बिरामीलाई समस्या हुने गरेको बताए। बाहिर बस्नै सकिँदैन, हावा चल्दा धुलो अस्पतालभित्रै पस्छ, उनले भने।

समयमै पुग्यो पाठ्यपुस्तक

❐ काँक्रेविहार संवाददाता
रूकुम पश्चिम, २२ चैत

नयाँ शैक्षिक सत्र २०८३ लाई लक्षित गर्दै रुकुमपश्चिममा आवश्यक पाठ्यपुस्तकहरू समयमै आइपुगेका छन्। जनक शिक्षा सामग्री केन्द्रबाट अनुमतिप्राप्त व्यवसायीहरूले जिल्लाका विभिन्न विद्यालयका लागि पुस्तक खरिद गरी भित्र्याएका हुन्।

पुस्तक तथा स्टेसनरी व्यवसायी महासङ्घ रुकुमपश्चिमका अध्यक्ष कर्णबहादुर ओलीका अनुसार नयाँ शैक्षिक सत्रका लागि आवश्यक किताबहरू बेलैमा ल्याइसकिएको छ।

जनक शिक्षा सामग्री केन्द्रले ढुवानी व्यवस्थापनका लागि फरक-फरक मितिमा सप्लायर्सलाई सम्पर्क गरी जिल्लामा पुस्तक पठाएको उनले जानकारी दिए।

महासङ्घका जिल्ला सचिव शिशिर गौतमले सबै विद्यालयमा पुस्तक वितरण सम्पन्न भएपछि मात्र व्यवसायीहरूले छापाखानाबाट ढुवानी खर्च प्राप्त गर्ने बताए।

सरकारी कार्यमा हुने बिचौलियाको बाटो बन्द

❐ काँक्रेविहार संवाददाता
बैतडी, २२ चैत

जिल्लाका सरकारी कार्यालयहरूबाट प्रवाह हुने सार्वजनिक सेवा पछिल्ला दिनमा बिचौलिया मुक्त, छिटो र सहज बन्दै गएको छ।

सेवाग्राहीमैत्री वातावरण निर्माण गर्दै विभिन्न कार्यालयहरूले सेवा प्रवाहमा सुधार ल्याउन थालेका छन्। विगतमा सामान्य कामका लागि पनि लामो समय कुर्नुपर्ने अवस्था रहे पनि अहिले सेवा छिटो, छरितो र सरल रूपमा उपलब्ध हुन थालेको सेवाग्राहीले बताएका छन्। स्थानीय तहदेखि जिल्लास्तरीय कार्यालयसम्म सेवा प्रवाहमा प्रभावकारिता बढ्दै गएको देखिएको छ। जिल्ला प्रशासन कार्यालय बैतडीले सार्वजनिक सेवा पूर्ण रूपमा बिचौलियामुक्त बनाउन पहल तीव्र पारेको जनाएको छ।

प्रशासनले जारी गरेको सूचनामा सरकारी कार्यालय वरिपरि सेवाग्राहीलाई सहयोग गर्ने नाममा गैरकानुनी रूपमा रकम असुल गर्ने कार्य भएमा कडा कानुनी कारबाही गरिने स्पष्ट पारिएको छ।

जिल्लास्थित सबै कार्यालयहरूलाई सेवा बिचौलियामुक्त बनाउन आग्रह गरिएको छ भने सेवा प्रवाहलाई अझ प्रभावकारी, छिटो र सहज बनाउन सम्बन्धित निकायलाई निर्देशन समेत दिइएको छ।

स्थानीय स्तरमै सेवा निःशुल्क र सहज रूपमा उपलब्ध हुन थालेपछि सेवाग्राहीले समय र खर्च दुवै बचत गर्न सकेका छन्। यसबाट विशेषगरी ग्रामीण क्षेत्रका नागरिक लाभान्वित भएका छन्।

उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी श्री कर्णबहादुर खड्का धनी रहेको, दर्ता नम्बर ५४८३/०७६/०७७ बाट चिङ्गाड गा.पा.-२, सुर्खेतमा सञ्चालन हुने गरी दर्ता श्रेष्ठा कायम रहेको श्री मोनालिसा एकीकृत कृषि तथा पशुपालन फर्म नामको प्राइभेट/साझेदारी उद्योग मेरो/हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नु पर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रूपमा दाबी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।

छार्का ताङ्सोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
कागकोट, डोल्पा
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं। गर्मी मौसम शुरु भएसँगै आगलागीका घटना बढ्न सक्छन्। हाम्रो आफ्नै लापरबाहीका कारण आगलागीका घटना धेरै हुने गरेका छन्। त्यसैले समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं।

आगलागी रोकथामका उपाय

- केटाकेटीले भेट्न सक्ने ठाउँमा सलाई, लाइटरजस्ता सामग्री नराख्नुहोस्।
- भान्सामा खाना बनाउँदा ग्याँस वा आगो बल्ने अवधिभरि मान्सा छाडेर टाढा नजानुहोस्।
- यथासम्भव ग्याँस सिलिण्डरलाई भान्सा कोठाभन्दा बाहिर नै राख्नुहोस्।
- सिलिण्डरको पाइप, सिलिण्डर समय- समयमा जाँच गर्नुहोस् कुनै खराबी वा टुटफुट पाउनु भएमा तुरुन्त मर्मत गराउन लगाउनुहोस्।
- खाना बनाइसकेपछि ग्याँसको रेगुलेटर बन्द गर्ने तथा समय-समयमा ग्याँस सिलिण्डर र पाइपको सरसफाइ गर्नुहोस्।
- ग्यास सिलिण्डर घर ल्याउनुअधि सिल नभएको, तौल कमजस्तो लाग्ने, धेरै गन्हाउने (लिक भएको शंकास्पद) सिलिण्डर नल्याउनुहोस्।

आगलागी भइहालेमा के गर्ने ?

- कुनै आगलागीको घटना भएमा तत्काल छेउछाउमा रहेका अन्य व्यक्तिलाई पनि खबर गर्नुहोस् र नियन्त्रणमा सहयोगका लागि आग्रह गर्नुहोस्।
- आगलागी कसरी भएको जान्ने प्रयास गर्नुहोस् (विद्युतीय वा अन्य आगो)।
- आगोको आकारमा विचार पुन्याउनुहोस् आगो फैलन सक्ने र आगो नियन्त्रणमा आउने सम्भावना छैन भने तत्काल वारुणयन्त्रलाई खबर गर्नुहोस्।
- विद्युतबाट आगो लागेको शंका लागेमा घरमा रहेको मेनस्विच तत्काल बन्द गर्नुहोस्।
- विद्युतीयबाहेक अन्य सामान्य सानो आगलागी छ भने पानीको सहायतालै निभाउने प्रयास गर्नुहोस्।
- आगो कोठाभित्र लागेको छ र नियन्त्रण गर्न सम्भव छैन भने कोठाको ढोका बन्द गरि दिनुहोस्। यसले आगोलाई सहजरूपमा फैलन दिँदैन।

वनगाड कुपिण्डे नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
देवस्थल, सल्यान
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं। गर्मी मौसम शुरु भएसँगै आगलागीका घटना बढ्न सक्छन्। हाम्रो आफ्नै लापरबाहीका कारण आगलागीका घटना धेरै हुने गरेका छन्। त्यसैले समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं।

आगलागी रोकथामका उपाय

- केटाकेटीले भेट्न सक्ने ठाउँमा सलाई, लाइटरजस्ता सामग्री नराख्नुहोस्।
- भान्सामा खाना बनाउँदा ग्याँस वा आगो बल्ने अवधिभरि मान्सा छाडेर टाढा नजानुहोस्।
- यथासम्भव ग्याँस सिलिण्डरलाई भान्सा कोठाभन्दा बाहिर नै राख्नुहोस्।
- सिलिण्डरको पाइप, सिलिण्डर समय- समयमा जाँच गर्नुहोस् कुनै खराबी वा टुटफुट पाउनु भएमा तुरुन्त मर्मत गराउन लगाउनुहोस्।
- खाना बनाइसकेपछि ग्याँसको रेगुलेटर बन्द गर्ने तथा समय-समयमा ग्याँस सिलिण्डर र पाइपको सरसफाइ गर्नुहोस्।
- ग्यास सिलिण्डर घर ल्याउनुअधि सिल नभएको, तौल कमजस्तो लाग्ने, धेरै गन्हाउने (लिक भएको शंकास्पद) सिलिण्डर नल्याउनुहोस्।

आगलागी भइहालेमा के गर्ने ?

- कुनै आगलागीको घटना भएमा तत्काल छेउछाउमा रहेका अन्य व्यक्तिलाई पनि खबर गर्नुहोस् र नियन्त्रणमा सहयोगका लागि आग्रह गर्नुहोस्।
- आगलागी कसरी भएको जान्ने प्रयास गर्नुहोस् (विद्युतीय वा अन्य आगो)।
- आगोको आकारमा विचार पुन्याउनुहोस् आगो फैलन सक्ने र आगो नियन्त्रणमा आउने सम्भावना छैन भने तत्काल वारुणयन्त्रलाई खबर गर्नुहोस्।
- विद्युतबाट आगो लागेको शंका लागेमा घरमा रहेको मेनस्विच तत्काल बन्द गर्नुहोस्।
- विद्युतीयबाहेक अन्य सामान्य सानो आगलागी छ भने पानीको सहायतालै निभाउने प्रयास गर्नुहोस्।
- आगो कोठाभित्र लागेको छ र नियन्त्रण गर्न सम्भव छैन भने कोठाको ढोका बन्द गरि दिनुहोस्। यसले आगोलाई सहजरूपमा फैलन दिँदैन।



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८५८०५०५०५, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)